# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर
प्रदेश नं. १, नेपाल
मिति:२०७९/०८/२३

प.सं. २०७९/८०
च.नं.

## कोल्ड स्टोर निर्माणका लागि निशुल्क जग्गा प्राप्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना
(प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७९/०८/२३)

प्रस्तुत विषयमा यस फाल्गुनन्द गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सञ्चालन भइरहेको स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नविनतम प्रविधि तथा उपकरणहरु (शित भण्डारण निर्माण) कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा स्थानीय उत्पादनहरु अकबरे, सुन्तला र किवि फलफुललाई स्टोर गर्नका निम्ति कोल्ड स्टोर निर्माण गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र तपशिल बमोजिमको न्यूनतम शर्त पुरा गरी निशुल्क रुपमा जग्गा उपलब्ध गराउन इच्छुक जग्गा दाताहरुले गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

तपशिल:

जग्गाको लागि आवश्यक न्यूनतम शर्तहरु:

१. जग्गाको न्यूनतम क्षेत्रफल कम्तिमा ३ रोपनी हुनुपर्नेछ ।
२. जग्गा फाल्गुनन्द गाउँपालिका भित्र राँके बजार आसपास – मेची हाइवेको दायाँ बायाँ ५०० मिटर भित्र हुनुपर्नेछ ।
३. एकजना भन्दा बढी जग्गा धनीहरुले जग्गा उपलब्ध गराउन चाहेमा जग्गाको प्लट एकै क्लष्टरमा सँग सँगै हुनु पर्नेछ र सबै जग्गादाताहरुले स्वयं संयुक्त रुपमा निवेदन पेश गर्नुपर्नेछ ।
४. जग्गा तत्काल पास गर्न सक्ने हुनु पर्नेछ ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकता र जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।
२. वडा कार्यालयको रहोबरमा गाउँपालिकालाई निशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धमा राजिखुशीले गरेको मञ्जुरीनामा ।
३. एकजना भन्दा बढी हकदार भएको जग्गा भएको खण्डमा सबै हकदारले राजिखुशीले दिएको मञ्जुरीनामा ।
४. जग्गाको मातपोत र कर तिरेको रसिद ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस सँगै निवेदन ।

२०७९।८।२३
(निर्मल तुम्ब्रोक)
प्रमुख प्रशासकीय अधिकृत